# शैक्षिक गुणस्तर सुधारमा शिक्षण सिकाई अनुदान

प्रस्तावना : कुनै पनि विकास निर्माण भौतिक विकासले मात्र पुर्ण हुदैन । जबसम्म मानविय ज्ञान, सीप र धारणामा सकारात्मक परिवर्तन ल्याउन सकिदैन, तबसम्म कुनै पनि विकास निर्माण वा योजना दिगो हुन सक्दैन । विश्वका कतिपय देशहरुले प्राकृतिक श्रोत र साधनको न्युनता हुदा हुदै पनि आफ्नो मानविय पूजिको भरपुर प्रयोग गरि विकासको शिखरमा पुग्न सफल भएका उदाहरणहरु छन् । तसर्थ, देश विकासमा मानवीय पुजिको सर्वोपरि भूमिकालाई नकार्न सकिदैन । स्थानीय जनशक्तिको समुचित परिचालनले शैक्षिक विकासमा टेवा पुग्ने भएकाले विधालय तहमा विधार्थी संख्याको आधारमा शिक्षकको अभाव भएकाले शिक्षित, एंव सीपयुक्त, गुणस्तरीय बेरोजगार जनशक्ति परिचालन गरि पालिका स्तरमा शैक्षिक गुणस्तर बिकास गर्ने प्रयोजनका लागी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम हिमा गाँउपालिकाले यो कार्यविधि तयार गरी लागु गरेको छ ।

## परिच्छेद – १

१. संक्षिप्त नाम र प्रारम्भ :

१.१. यस कार्यविधिको नाम शैक्षिक गुणस्तर सुधारमा शिक्षण सिकाई अनुदान रहेको छ

१.२. यो कार्यविधि हिमा गाउँपालिकाको गाउँसभा बैठकले स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा (१) शैक्षिक गुणस्तर भन्नाले मानवीय ज्ञान, सीप र धारणामा सकारात्मक परिवर्तन ल्याउनका निम्ति सञ्चालन गरिने शैक्षिक क्रियाकलापहरुमा सेवा प्रदायक र सेवा ग्राहिहरुका सन्तुष्टीको स्तर सम्फिनु पर्नेछ ।

२) शिक्षक भन्नाले यस कार्यबिधिको प्रारम्भ भए पश्चातको सेवा सुविधामा मञ्जुर भई हिमा गाँउपालिकाले तोकेको क्षेत्रमा नियुक्ति दिई सेवामा खटिएको शैक्षिक जनशक्ति सम्फनु पर्दछ ।

३) विधार्थी भन्नाले बिधालयमा नियमित पठन पाठन गर्ने र राज्यले प्रदान गरेको शैक्षिक लाभले लाभान्वित हुने हिमा गाँउपालिका भित्रका बिधालयमा अध्ययनरत सम्पूर्णलाई सम्फिनु पर्छ ।

४) माध्यामीक तह भन्नाले कक्षा १ देखि १२ सम्म सम्फिनु पर्नेछ ।

५) आधारभुत तह भन्नाले कक्षा १ देखि ८ सम्म सम्फिनु पर्नेछ ।

६) पूर्ब प्राथमिक तह भन्नाले ३ बर्ष उमेर पुगेका बालबालीकालाई पठन पाठन सहजीकरण गर्ने प्रारम्भिक तह सम्फिन पर्नेछ ।

## परिच्छेद २
## लक्ष्य उदेश्य र नीति

२.१. कार्यविधिको लक्ष्य :

स्थानीय तहमा रहेका सम्पूर्ण विद्यालयमा आवश्यक जनशक्ति पूर्ति गरि विद्यालयको शैक्षिक गुणस्तर बिकास गरी पालिकाको समष्ठिगत शैक्षिक आर्थिक तथा समानुपातिक विकासका लागि चाहिने संयन्त्र तथा श्रोतको विकास गर्दै संस्थागत रुपमा सुदृढ गर्ने ।

क) सरकारी विद्यालयमा नेपाल सरकारको निर्धारित मापदण्डका आधारमा बिनियोजित दरबन्दी अपुग हुदा देखिने शैक्षिक गुणस्तर ह्रास रोक्न र शैक्षिक गुणस्तर विकास गर्न ।

२.२. कार्यविधिको उद्देश्य :

(क) शैक्षिक गुणस्तर विकास, सामाजिक विकास लगायत अन्य पक्षहरुमा आवश्यक पर्ने मानविय

विकासको आवश्यकता एवं अनिवार्यताको पक्षमा वकालत गर्ने ।

(ख) गाउँपालिकामा बसोबास गर्ने नागरिकहरुको गुणस्तरीय शिक्षामा पहुच सुनिश्चित गर्दै पालिका तहमा गुणस्तरीय शैक्षिक बाताबरण तयार गर्ने ।

ग) पालीका स्तरमा रहेको शैक्षिक बेरोजगारी घटाउने

२.३. कार्यविधिको नीति :

(क) जिल्लामा शैक्षिक गुणस्तर विकास सम्बन्धि कार्य गर्ने निकायहरु विच समन्वय गर्ने ।

(ख) शैक्षिक गुणस्तर विकासका क्रियाकलापहरुलाई सबै वडाका सबै बिधालय सम्म पुर्‍याउने ।

(ग) शैक्षिक गुणस्तर विकासका अनुदानको लेखाजोखा राख्ने, अनुगमन/मुल्याङ्कन गर्ने एवं प्रतिवेदन तयार गर्ने ।

(घ) शैक्षिक गुणस्तर विकास सम्बन्धि क्रियाकलापहरुको बार्षिक कार्ययोजना तयार गर्ने र गाउँसभाबाट अनुमोदन गराई कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

(ङ) शैक्षिक गुणस्तर विकाससँग सम्बन्धित अनुदानका लागि कार्यपालिकाको बैठकबाट उपयुक्त बजेट विनियोजित गर्ने ।

(च) शैक्षिक गुणस्तर विकास अनुदानमा संलग्न हुने जनशक्तिलाई लैगिंक तथा सामाजिक समावेशि बनाईने

## परिच्छेद - ३

## शैक्षिक गुणस्तर बिकास सँग सम्बन्धीत क्रियाकलापहरु :

यस कार्यविधिका आधारमा शैक्षिक गुणस्तर विकासका निम्ति बिभिन्न आयामहरु रहने छन जस मध्य केहि निश्चित आधारहरु तपशिल बमोजिमका हुनेछन ।

१) विद्यालय स्तरमा कार्यरत सम्पूर्ण शिक्षकहरुको लगत संकलन

२) बिद्यालयमा अध्ययनरत विधार्थी संख्या एकिन गर्ने

३) नेपाल सरकारले तोकेको शिक्षक विद्यार्थी संख्याको आधारमा कुन विद्यालयमा कति शिक्षक आबश्यक छन त्यस्को पहिचान गर्ने ।

४) आवश्यकताका आधारमा शैक्षिक गतिविधिलाई निरन्तरता दिन आबश्यक शिक्षक भर्ना गरि भर्ना गरिएका शिक्षकको तलब स्थानिय तह बाट ब्यहोर्ने ।

५) तोकिएको मापदण्ड पुरा गर्न नसक्ने शिक्षकलाई स सम्मान बिदा गर्ने ।

६) केहि समय तोकिएको मापदण्ड पुरा गर्न समय प्रदान गर्ने ।

## परिच्छेद-४

## शैक्षिक गुणस्तर सुधारमा शिक्षण सिकाई अनुदान सञ्चालन सम्बन्धी व्यबस्था

७. शिक्षण सिकाई अनुदान प्राप्त गर्ने प्रक्रिया :

यस हिमा गाँउपालीका भित्र रहेका सम्पूर्ण विद्यालयले शिक्षण सिकाई अनुदान प्राप्त गर्न निम्न प्रक्रिया पूरा गरेको हुनु पर्नेछ ।

(क) शिक्षण सिकाई अनुदान प्राप्त गर्ने विद्यालयले अनुसूची-१ को ढाँचामा अनिवार्य रूपमा प्रस्ताव पेश गर्नुपर्ने छ । साथै यसै कार्यविधिको मापदण्ड अनुरुप नै शैक्षिक गुणस्तर

बिकास गर्नेछु भनि प्रतिवद्धता पेश गर्नु पर्ने छ ,प्रतिबद्धता पुरा गर्न नसकेका खण्डमा जतिसुकै बेला पनि अनुदान शिक्षा युवा तथा खेलकुद विकास शाखाले रोक्का गर्न सक्नेछ तर यसो गर्नु पूर्व सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(ख) तोकिएको मापदण्डका आधारमा स्वयंसेविका शिक्षकको छनोट गर्नु पर्नेछ ।

८ शिक्षक छनौटका मापदण्डहरु

क) विद्यार्थी संख्याका आधारमा शिक्षक अनुपात कम भएका विद्यालयमा तपशिलको योग्यता भएका शिक्षकहरुको छनौट गरिनेछ ।

ख) शिक्षक छनौट प्रक्रिया गाँउपालिकाको शिक्षा ऐनले निर्देशित गरे अनुरुप हुने छ ।

ग) शारीरिक रुपमा पूर्ण स्वास्थ हुनु पर्नेछ कुनै दिर्घ रोगी भएको व्यक्ति शिक्षकका लागी अयोग्य मानिने छ ।

घ) नैतिक पतन देखिने कुनै पनि अभियोग प्रमाणित भएको व्यक्ति स्वयंसेबि शिक्षकका लागी अयोग्य ठहरिने छ ।

| सि.नं. | तह | आबश्यक शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|
| १ | पूर्ब प्राथमिक तह | उच्च माध्यामिक तह उतिर्ण | |
| २ | आधारभुत तह १ देखि ५ सम्म | स्नातक तह उतिर्ण | लाईसेन्स अनिबार्य |
| ३ | आधारभुत तह १ देखि ८ सम्म | सम्बन्धित बिषयमा स्नातक तह उतिर्ण | बिषयगत लाईसेन्स अनिबार्य |
| ४ | माध्यामिक तह ९ देखि १० सम्म | सम्बन्धित तहमा स्नातकोत्तर तह उतिर्ण | बिषयगत लाईसेन्स अनिबार्य |
| ५ | माध्यामिक तह ९ देखि १२ सम्म | सम्बन्धित तहमा एम.फिल वा स्नातकोत्तर तह प्रथम श्रेणिमा उतिर्ण | बिषयगत लाईसेन्स अनिबाय |

माथि उल्लेखित मापदण्डले जे उल्लेख गरेको भएता पनि स्थानीय आवश्यकतालाई पहिलो प्राथमिकता दिईने छ । यदि कुनै विद्यालयले यो कार्य बिधि लागु हुनु पूर्ब शिक्षक छनौट गरेको रहेछ भने उक्त शिक्षक छनौट प्रकृयामा सहभागी भएमा निजलाई उसले काम गरेको प्रति बर्षको एक नम्बरका दरले अधिकतम १२ नम्बर सम्म अन्तर्बातामा दिने ब्यबस्था गर्न सकिने छ ।

## परिच्छेद ५
## शिक्षण सिकाई अनुदान प्राप्त गर्ने मापदण्डहरु

१ न्यूनतम विद्यार्थी संख्या  एक शिक्षक बराबर ४० (आधारभुत/माध्यामिक)

२ पूर्ब बालबिकास एक सहज कर्ता बराबर २० विद्यार्थी संख्या तोकिएको विद्यार्थी  संख्या र स्वीकृत स्थायी शिक्षक संख्याको अनुपातमा यदि विधार्थी संख्या धेरै हुन गएमा तोकिएको विद्यार्थी संख्या बराबर एक शिक्षक बराबरको शिक्षण सिकाई अनुदान प्राप्त गर्न सक्नेछ ।

३ शिक्षकको न्यूनतम सेवा सर्त र सुबिधा

माध्यामिक तह  २५०००/

आधारभुत तह १ देखि ८  २२०००/

आधारभुत तह १ देखि ५ १८,००० /

पूर्ब प्राथमिक तह १५,००० /

४ माध्यामिक तहमा खेल प्रशिक्षकको रुपमा गाँउपालिकाको शिक्षा युवा तथा खेलकुद बिकास शाखाको खेल प्रशिक्षकले प्रत्येक बिधालयमा गई खेलकुद प्रशिक्षण गराएको प्रगति प्रतिबेदन पेश गरे पश्चात मात्र पारीश्रमिक उपलब्ध गराउने खेल प्रशिक्षकले विद्यार्थीलाई खेलकुदको प्रशिक्षण दिनु सँग सँगै प्रत्येक विद्यालयमा एक एक जना कार्यरत शिक्षकहरु मध्येबाट एक जना खेलकुद शिक्षकको उत्पादन र विकास गर्नु उसले कर्तब्य र दायित्व हुनेछ ।

५ पूर्ब प्राथमिक तहमा कार्यरत सहजकर्ताले मासिक १५००० पारिश्रमिक पालिका स्तरमा यो कार्यविधि लागु भए पश्चात कार्यरत रहनेले प्राप्त गर्ने छन साथै नेपाल सरकारले त.भ.ब्यहोर्नेहरुको हकमा नेपाल सरकार बाट ८००० र थप स्थानीय सरकारले ७००० ब्यहोर्ने छ तर निज सहजकर्ताहरुलाई विद्यालयले १० देखि ४ बजेसम्म प्रयोग गर्न सक्ने छ ।

६ शिक्षक छनौट प्रक्रिया गाउँपालिकाको शिक्षा ऐनले निर्देशन गरे बमोजिम हुनेछ । साथै आवश्यकताको पहिचान गर्न शैक्षिक समस्या समाधान समितिले सम्बन्धित विद्यालयमा पुगि शिक्षा युवा तथा खेलकुद विकास शाखामा प्रतिवेदन पेश गर्ने छ ।

शिक्षण सिकाई अनुदानको अनुगमन सम्बन्धि ब्यबस्था :

यस कार्यको वास्तविकरुपमा तथ्यपरक स्थितिको नियमित अनुगमनको जिम्मा शिक्षा युवा तथा खेलकुद विकास शाखाको हुनेछ जस्को शाखा प्रमुखले अनुगमनको नेतृत्व गर्नेछ आबश्यकताका आधारमा त्रैमासिक अर्धबार्षिक रुपमा शिक्षा समितिले पनि अनुगमन गर्नछ ।

११. खारेजि र बचाऊ :

(१) यो कार्यविधि लागु हुनुपूर्व कुनै शिक्षण सिकाई अनुदान सम्बन्धि कार्यक्रम सञ्चालन गरिएको भए यसै बमोजिम गरेको मानिनेछ ।

(२) यो कार्यविधिको विषयमा बाधा अड्काउ फुकाउने र व्याख्या गर्ने अधिकार कार्यपालिकामा रहनेछ ।

## अनुसुचि १
## दफा ७ को क मा आधारित

| ECD | आधारभुत १ देखि ५ | आधारभुत ६ देखि ८ | माध्यामिक ९ देखि १० | माध्यामिक ११ देखि १२ | प्राबिधकि |
|---|---|---|---|---|---|
| | | | | | |

जम्मा विद्यार्थी संख्या

| कक्षा | छात्रा | छात्र | दलित | अपांग | जनजाती | जम्मा |
|---|---|---|---|---|---|---|
| ECD | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |
| १२ | | | | | | |

स्वीकृत दरबन्दी संख्या

| ECD | आधारभुत १देखि ५ | आधारभुत ६देखि८ | माध्यामिक ९देखि १० | माध्यामिक ११ देखि १२ | प्राबिधकि |
|---|---|---|---|---|---|
| | | | | | |

आवश्यक दरबन्दी

| ECD | आधारभुत १देखि ५ | आधारभुत ६देखि८ | माध्यामिक ९देखि १० | माध्यामिक ११ देखि १२ | प्राबिधकि |
|---|---|---|---|---|---|
| | | | | | |

.........................
(रणबहादुर बुढा)
प्रमुख प्रशासकिय अधिकृत